मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १६४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार १५ गते सोमबार ❑ 29 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेशमा ३ हजार १७१ एचआईभी संक्रमित

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

गण्डकी प्रदेशमा एचआईभी संक्रमणको अवस्था अझै पनि चुनौतीपूर्ण अबस्थामा रहेको छ। चालु आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्मको तथ्याङ्क अनुसार प्रदेशमा एचआईभी संक्रमितको संख्या ३ हजार १ सय ७१ पुगेको छ।

तीमध्ये सबैभन्दा धेरै संक्रमित कास्की जिल्लामा रहेका छन्। कास्कीमा मात्रै १ हजार ६ सय २९ जना एचआईभी संक्रमित रहेको आइतबार पोखरामा आयोजित एक कार्यक्रममा उक्त तथ्याङ्क सार्वजनिक गरिएको हो।

आइतबार पोखरा महानगरपालिका-७ वडा कार्यालयमा आयोजित एचआईभी तथा एड्समा हुने लान्छना र विभेद न्यूनीकरणका लागि जनप्रतिनिधि, प्रहरी, पत्रकार तथा अन्य जोखिम समूहका लागि अन्तरक्रिया एवं अभिमुखीकरण कार्यक्रममा प्रादेशिक जनस्वास्थ्य केन्द्र गण्डकी प्रदेश, पोखराका क्षयरोग तथा कुष्ठ अधिकृत लक्ष्मण बस्यौलाले सार्वजनिक गर्नुभएको हो।

आर्थिक वर्ष २०८२/८३ वैशाखसम्म गण्डकीमा पुरुष १ हजार ६ सय १९, महिला १ हजार ५ सय ४१, अन्य ११ जना एचआईभी संक्रमित रहेको उहाँले बताउनुभयो। त्यसै गरी तनहुँमा २६०, गोरखामा २४०, बागलुङमा २१८, पूर्वी नवलपुरमा १६२, लमजुङमा १३९, म्याग्दीमा ९५, स्याङ्जामा ३४४ र पर्वतमा ८४ जना संक्रमित रहेका छन्। उहाँहरुले एआरटि सेवा लिनु भएको छ। कार्यक्रममा बोल्दै पोखरा महानगरपालिका-७ का वडाध्यक्ष राममोहन आचार्यले एचआईभीबारेको सचेतना टोल-टोल र वडा-वडासम्म विस्तार गर्न आवश्यक रहेको बताउनुभयो। अझ बढी प्रभावित क्षेत्रलाई लक्षित गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

जिल्ला प्रहरी कार्यालय कास्कीकी प्रहरी सहायक निरीक्षक रञ्जना कुँवरले अझै पनि केही बालबालिका यौन व्यवसायमा संलग्न हुने गरेको जानकारी आएको उल्लेख गर्दै उमेर नपुगेका बालबालिकासँग यौन सम्पर्क राख्नु कानुनअनुसार जबर्जस्ती करणीको कसुर हुने बताउनुभयो। यस्ता गतिविधि रोक्न सबै पक्ष जिम्मेवार हुनुपर्ने उहाँको भनाइ थियो। एचआईभीको क्षेत्रमा लामो समयदेखि काम गर्दै आउनुभएका मनोज गुरुङले नेपाली समाजमा अझै पनि एचआईभीबारे पर्याप्त सचेतना फैलिन नसकेको बताउनुभयो। पछिल्ला वर्षहरूमा सञ्चारमाध्यममा पनि एचआईभी सम्बन्धी विषयले अपेक्षित प्राथमिकता नपाएको भन्दै उहाँले लान्छना र विभेद अन्त्यका लागि निरन्तर जनचेतनामूलक अभियान आवश्यक रहेको धारणा राख्नुभयो। प्रादेशिक जनस्वास्थ्य केन्द्रका क्षयरोग तथा कुष्ठ अधिकृत लक्ष्मण बस्यौलाका अनुसार गण्डकी प्रदेशमा एचआईभी संक्रमणका प्रमुख कारण वैदेशिक रोजगारी (माइग्रेसन), लागुऔषध दुर्व्यसन तथा असुरक्षित यौन सम्पर्क रहेका छन्। कास्कीमा संक्रमितको संख्या बढी हुनुमा जिल्लाको उच्च जनसंख्या र बसाइँसराइको प्रभाव पनि एक कारण हुन सक्ने उहाँले बताउनुभयो। नेपाल पत्रकार महासंघ कास्कीका सहसचिव सुमन गुरुङले एचआईभी संक्रमण न्यूनिकरण गर्न महासंघले आवश्यक सहजीकरण र सचेनता जगाउन पहल गर्ने बताउनु भयो।

कार्यक्रममा नेपाल सरकारको सन् २०३० सम्म एचआईभी संक्रमण अन्त्य गर्ने लक्ष्यअनुसार सञ्चालन भइरहेको ९५-९५-९५ रणनीति, एआरभी उपचारको पहुँच विस्तार, लान्छना तथा विभेद न्यूनीकरण र जोखिम समूहमा नियमित सचेतना अभियान सञ्चालनका विषयमा समेत छलफल गरिएको थियो। सहभागीहरूले एचआईभी संक्रमितप्रति सम्मानजनक व्यवहार, गोपनीयताको संरक्षण र उपचारमा सहज पहुँच सुनिश्चित गर्न सबै निकायको साझा प्रतिबद्धता आवश्यक रहेको बताउनु भएको थियो।

## 'बजेट कार्यान्वयनमा स्रोतको कमी हुँदैन'

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आगामी आर्थिक वर्ष २०८/८४ को बजेट कार्यान्वयनमा स्रोतको कमी नहुने स्पष्ट पार्नुभएको छ।

प्रदेशसभाको आइतबारको बैठकमा बजेटबारे उठेका प्रश्नहरूको जवाफ दिँदै उहाँले प्रदेश सरकारले यथार्थ र कार्यान्वयनयोग्य बजेट ल्याइएको बताउनुभयो। "स्रोत सुनिश्चित गरेर बजेट ल्याइएको छ, कार्यान्वयनमा स्रोतको कमी हुँदैन", उहाँले भन्नुभयो।

तलब वृद्धि र महँगी भत्ताका कारण चालु खर्चतर्फको बजेट बढाउनुपरेको मुख्यमन्त्री पाण्डेले बताउनुभयो। नागरिकका माग र आवश्यकतालाई बजेटमा अधिकतम रूपमा सम्बोधन गर्ने प्रयत्न गरिएको उहाँको भनाइ छ। प्रदेश सरकार सुशासन कायम गर्न प्रतिबद्ध रहेको जनाउँदै उहाँले आगमी दिनमा पनि प्रशासनिक खर्च कटौती र मितव्ययिता कायम गरिने बताउनुभयो। गत भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलनलगायत विविध कारणले चालु आवमा प्रदेश सरकारको कार्यप्रगति अपेक्षित रूपमा हुन नसकेको उहाँको भनाइ छ। मुख्यमन्त्री पाण्डेले गोरखकाली रबर उद्योग र भृकुटी कागज कारखाना सञ्चालनका लागि सङ्घ सरकारसँग समन्वय गरिने बताउनुभयो। पोखरा अन्तरराष्ट्रिय विमानस्थलबाट नियमित अर्न्तराष्ट्रिय उडान सञ्चालनका लागि प्रदेश सरकारले पहल गरिरहेको उहाँको भनाइ छ। बजेटमाथिको छलफलका क्रममा प्रदेशसभा सदस्यहरूबाट प्राप्त सुझाव, सल्लाह र जिज्ञासालाई प्रदेश सरकारले आत्मसात गर्ने मुख्यमन्त्री पाण्डेले बताउनुभयो।

आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले यही असार ५ गते प्रदेशसभामा प्रस्तुत गर्नुभएको आगामी आवको सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मन्त्रालयगत विनियोजन शीर्षकमाथिको छलफल सकिएपछि समग्र बजेटबारे मुख्यमन्त्री पाण्डेले आफ्नो भनाइ राख्नुभएको हो।

आजको बैठकको विशेष समयमा पूर्वमुख्यमन्त्री एवं नेकपा (एमाले) संसदीय दलका नेता खगराज अधिकारीले जननेता मदन भण्डारीको व्यक्तित्वबारे चर्चा गर्नुभएको थियो। बैठकमा आर्थिक मामिलामन्त्री जितबहादुर शेरचन र भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री गोविन्दबहादुर नेपालीले सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकमा प्रदेशसभा सदस्यहरूले उठाएका प्रश्नमा जवाफ प्रस्तुत गर्नुभएको थियो। गण्डकी प्रदेश सरकारले यही असार १ गते रु ३२ अर्ब ९९ करोड ९९ लाखको बजेट सार्वजनिक गरेको थियो।

## पोखरा ३० मा २१औँ रोपाइँ महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार



पोखरा सबै मौसमका लागि' भन्ने मूल नाराका साथ पोखरा-३० शिशुवा देउरालीखोला किनारमा आइतबार २१औँ असारे रोपाइँ महोत्सव-२०८३ मा विदेशी पर्यटकसहित हजारौँ आन्तरिक पर्यटक हिलोमा रमाउँदै रोपाई महोत्सवमा सहभागि हुनु भएको छ।

पोखरा पर्यटन परिषद्को आयोजना तथा वडा स्तरीय कृषि सञ्जालको स्थानीय व्यवस्थापनमा सम्पन्न महोत्सवले कृषि, पर्यटन र स्थानीय संस्कृतिलाई एउटै मञ्चमा जोड्दै ग्रामीण पर्यटन प्रवर्द्धनमा नयाँ ऊर्जा थपेको परिषदले जनाएको छ। विभिन्न देशका विदेशी पर्यटकहरूले स्थानीयसँगै धान रोप्दै, असारे भाका गाउँदै र हिलोमा खेल्दै नेपाली गाउँघरको मौलिक जीवनशैलीको प्रत्यक्ष अनुभव लिदै रमाउनु भएको थियो।

महोत्सवको उद्घाटन गर्दै पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले परम्परागत कृषि प्रणालीलाई आधुनिक प्रविधिसँग जोड्न महानगरले सबै वडामा कृषि सञ्जाल स्थापना गरी किसानलाई बीउबिजन, प्राविधिक सहयोग तथा विभिन्न सहुलियत उपलब्ध गराउँदै आएको बताउनुभयो। उहाँले निकट भविष्यमा पृथ्वीचोक क्षेत्रमा 'पोखरा घर' स्थापना गरिने जानकारी दिँदै त्यहाँ पोखराको जेठोबुढो धानसहित स्थानीय कृषि उत्पादन र कोशेली सामग्रीको बिक्री-वितरण गरिने बताउनुभयो। यसबाट स्थानीय उत्पादनको बजारीकरणसँगै कृषकको आय वृद्धि र कृषि पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने उहाँको विश्वास थियो। तीव्र सहरीकरणका कारण लोपोन्मुख बन्दै गएको परम्परागत धान खेती प्रणालीको संरक्षण, खेतीयोग्य जमिनको सदुपयोग, युवापुस्तालाई कृषिप्रति आकर्षित गर्ने तथा कृषकको सम्मान गर्ने उद्देश्यले आयोजना गरिएको महोत्सवमा विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गरिएका थिए।

महोत्सवमा हलगोरु दौड, असारे भाकासहित रोपाइँ प्रतियोगिता, हिलोमा माछा समात्ने प्रतियोगिता, स्वदेशी तथा विदेशी महिला-पुरुष हिलो दौड, पत्रकार खुला हिलो दौड, पुरुष-महिला रस्साकस्सी तथा विविध सांस्कृतिक कार्यक्रमले सहभागीलाई दिनभर मनोरञ्जन प्रदान गरेका थिए।

विदेशी पर्यटकहरू नेपाली युवासँगै हिलोमा रमाएको दृश्य महोत्सवको प्रमुख आकर्षण बनेको थियो। यस अवसरमा पोखरा महानगरपालिकाले उत्कृष्ट कृषक सम्मानअन्तर्गत कृस्ती हिल कृषि तथा पशुपालन फार्मका सञ्चालक ज्ञानबहादुर कार्की (पोखरा-२१) तथा हेब्रोन लाइभ स्टक फार्मकी सञ्चालक कमला पाल्पाली खड्का (पोखरा-२७) लाई नगदसहित सम्मानपत्र प्रदान गरेको छ। कार्कीले ६५ रोपनी क्षेत्रफलमा मकै, तरबुजा, विभिन्न तरकारी तथा पशुपालन गर्दै व्यावसायिक कृषि गर्दै आउनुभएको छ। त्यस्तै खड्काद्वारा सञ्चालित हेब्रोन लाइभ स्टक फार्म आधुनिक तथा वैज्ञानिक प्रविधिमा आधारित नमुना दुग्ध उत्पादन केन्द्रका रूपमा परिचित छ। ३२ रोपनी क्षेत्रफलमा फैलिएको उक्त फार्ममा उन्नत घाँस खेती, आधुनिक गोठ, दूध दुहुने कक्ष, दाना भण्डारण गृह, मल व्यवस्थापन संरचना तथा प्रशासनिक भवन निर्माण गरी व्यावसायिक पशुपालनलाई प्रवर्द्धन गरिएको छ। वर्षमा एकपटक मनाइने असारे रोपाइँ महोत्सवले नेपाली कृषि संस्कृतिलाई जीवन्त राख्दै कृषकको सम्मान, स्थानीय उत्पादनको प्रवर्द्धन र पोखरालाई सबै मौसमका लागि उपयुक्त पर्यटन गन्तव्यका रूपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको पोखरा ३० का वडाध्यक्ष दुर्गाप्रसाद सुवेदीले बताउनु भयो। पोखरा महानगरपालिकाको आर्थिक विकास महाशाखाका प्रमुख मनहर कँडरियाले महोत्सवले कृषि पेशाप्रति सम्मानभाव बढाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। पोखरामा हाल करिब ३५ प्रतिशत धान रोपाइँ सम्पन्न भइसकेको छ भने ११ हजार २ सय हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको उहाँले जनाउनु भयो।

लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष जानुका पराजुली तथा कृषि सञ्जाल पोखरा-३० का संयोजक बाबुराम ढकाल, परिषदका महासचिव जीवनराज सापकोटा लगायतले महोत्सवले कृषि संस्कृतिको संरक्षण, ग्रामीण पर्यटनको विस्तार तथा स्थानीय उत्पादनको बजारीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नु भएको थियो।

विगत वर्षहरूमा राष्ट्रिय धान दिवसको अवसर पारेर असार १५ गते आयोजना गरिँदै आएको महोत्सव यस वर्ष भने हिन्दू परम्पराअनुसार पूर्णिमाका दिन हलगोरु नजोत्ने चलन रहेकाले एक दिनअघि कार्यक्रम आयोजना गरिएको परिषदले जनाएको छ।


## जनसम्बन्ध सुदृढ गर्न आत्ममन्थन आवश्यक छ: पूर्वराष्ट्रपति भण्डारी

**रासस**
काठमाडौं, १४ असार



पूर्वराष्ट्रपति विद्या भण्डारीले समयानुकूल नीति, कार्यशैली र सङ्गठनात्मक अभ्यास परिष्कृत गर्दै कम्युनिष्ट आन्दो

बाँकी अन्तिम पृष्ठमा ▶▶



# बोलबम पदयात्रा सफल बनाउन बृहत तयारी बैठक

**पोखरापत्र संवाददाता**
गण्डकी, १४ असार



पोखरामा विगत २५ वर्षदेखि हुदै आएको बोलबम पदयात्रा यस वर्ष पनि वृहतरुपमा हुने भएको छ।

केदारेश्वर महादेवमणि सेवाश्रम समितिले यसवर्ष श्रावण महिनाको बोलबम पदयात्रालाई वृहत र थप व्यवस्थित बनाउन तयारी स्वरुप मन्दिर व्यवस्थापन समिति, आजीवन सदस्य, सल्लाहकार एवं विभिन्न संघ सस्थासंग पुर्वतयारी वैठक स्वरुप भेलाको आयोजना गरेको हो। यसवर्ष बोलबम यात्राको २५ औं वर्ष अर्थात् रजत जयन्तीको अवसरमा विशेष कार्यक्रम समेत संचालन गरिनेछ।

केदारेश्वर महादेवमणि सेवाश्रम तथा केदारेश्वर वैदिक गुरुकुल समितिका अध्यक्ष एवम पिठाधीश डाक्टर चित्घन चैतन्य महाराजले श्रावण महिनाको हरेक सोमबार केदारेश्वर मन्दिरमा भक्तजनको भिड लागे पनि बोलबम पैदल जलयात्रामा भक्तजन सहभागिता कम हुने गरेको बताउनुभयो। हाम्रो संस्कृति, संस्कारलाई पुस्तान्तरणका लागि घरघरबाट आफ्ना बाबुनानी सहित कम्तीमा एउटा सोमबार भए पनि जलयात्रामा सहभागी हुन आम नागरिकलाई आव्हान गर्नुभयो। केदारेश्वर महादेवमणी बोलबम कार्यक्रमका संयोजक तथा विश्व हिन्दु महासंघका केन्द्रिय वरिष्ठ उपाध्यक्ष शंकर खरालले साउन महिनाको प्रत्येक सोमबार बगरको गाइघाटस्थित १०८ धारामा स्नान गरेर आठ किलो मिटर पैदलयात्रा सहित केदारेश्वर महादेवमणि बोलबम धाममा जलार्पण गरिने बताउनुभयो। उहाँले यसको सुरुवात सँगै नेपालीहरुमा साउन महिना बाने चलन चलेको बताउनुभयो। कार्यक्रममा समितिका मिडिया सल्लाहकार एवम रेडियो सफलताका प्रबन्ध निर्देशक दुर्गा अधिकारीले यसवर्ष केही विद्यालयको विद्यार्थीसहित उच्च पदस्थ व्यक्तिलाई पनि सहभागी गराउन पहल गर्नुपर्ने बताउनुभयो।

विगतका वर्षहरु जस्तै यो वर्ष पनि बोलबमलाई सफल बनाउन बिभिन्न संघसंस्थाले साथ दिएका छन्। पिठाधिश चैतन्य महाराजको अध्यक्षतामा भएको तयारी भेलामा धार्मिक व्यक्तित्व मुक्तिनाथ अधिकारी, समाजसेवी शिवनारायण विजुक्छे सामुदायिक सेवा केन्द्र वैदामका अध्यक्ष ठाकुर प्रसाद बराल, महिला सञ्जाल पोखरा ६ का उपाध्यक्ष मिठु लामिछाने, मितेरी नारी समुहका अध्यक्ष सितादेवी अधिकारी, शान्तिपाटन टोल विकास संस्थाका अध्यक्ष सिता पाण्डे, पथ्वी होटल व्यवसायी समितिका संस्थापक अध्यक्ष रिजन शेरचन, दैविक शक्ति खोज तथा उपचार केन्द्रका सचिव प्रकाश भण्डारी, दैविक शक्ति ज्योतिष संघका अध्यक्ष पदम वस्ताकोटी, विश्व हिन्दु महासंघका जिल्ला महासचिव भुपेन्द्र गिरी, एन वि व्यवसायी समितिका पूर्व अध्यक्ष तथा सल्लाहकार भुलेशकुमार लगायतले बोल्नुभएको थियो। भेलामा स्वागत समितिका वरिष्ठ उपाध्यक्ष मिना भट्टराई र संचालन सचिव ओमनाथ अधिकारीले गर्नुभएको थियो। भेलाले विभिन्न उपसमिती समेत गठन गरेको छ। प्रचार प्रचार संयोजकमा दुर्गा अधिकारी, प्रसाद व्यवस्थापन समितिमा तारा कुँवर र पद्मा आचार्य , आर्थिक व्यवस्थापन समितीमा रामप्रसाद वस्ताकोटी र तुमला श्रेष्ठ, स्वयंसेवक व्यवस्थापन समितिमा हरिआचार्य र तोत्र बाँनियालाई चयन गरेको छ। साथै सर्वत जल व्यवस्थापन समितिमा ईश्वरी पराजुली, स्वास्थ्य व्यवस्थापन समितिमा ओमनाथ अधिकारी, सरसफाई व्यवस्थापन समिति मुलथोक टोल विकास संस्था, टेण्ट पण्डाल व्यवस्थापनमा प्रदिप गुप्ता, पदयात्रा, बाटोमा पानी, झाँकी व्यवस्थापनमा विश्वहिन्दु महासंघ सांस्कृतिक समिति, स्काउट परिचालनमा लक्ष्मण गौतम, भेटी संकलन व्यवस्थापनमा शुशिला अधिकारी र सरस्वती पहारी रहनुभएको छ। मध्यान्ह पुजन सायं आरति व्यवस्थापनमा केदारेश्वर वैदिक गुरुकुल परिवार र केदारेश्वर छात्र परिषद् रहेको छ।

त्यसैगरी पहिलो सोमबारको प्रसादको जिम्मा पश्चिमाञ्चल क्याटरिङ्ग तथा पाटी प्यालेस व्यवसायी समिति, दोस्रो सोमबारको जिम्मा शिवनारायण विजुक्छेको परिवार, तेस्रो मारवाडी समाज र चौथो सोमबारको जिम्मा एन वि व्यवसायी समितिले लिएको छ। त्यसैगरी पानी सर्वतको जिम्मा पहिलो, दोस्रो, तेस्रो र चौथो क्रमश पृथ्वी होटल व्यवसायी समिति, लायन्स क्लव अफ सुन्दर चौतारी, आर्ट अफ लिभिङ्ग परिवार र लायन्स क्लव अफ फिस्टेलले जिम्मा लिएको छ।

ज्योतिषशास्त्रअनुसार सोमवारको स्वामी भगवान शिव भएकाले यो दिनको शिवको उपासना विशेष मानिन्छ। अझ श्रावण महिनाको सोमवार गरिने शिवको व्रत पूजा विशेष फलदायी हुने मान्यता छ। बोलबमको ध्वनिले, शान्ति पाऊन साराले' भन्ने मूलमन्त्रका साथ हरेक साउन महिनाको सोमबार बोलबम पदयात्रा हुदै आएको छ।

# जनसम्बन्ध ...

लनलाई सुदृढ बनाएर लैजानुपर्ने बताउनुभएको छ।

जननेता मदन भण्डारीको ७५औं जन्मजयन्तीका अवसरमा आज यहाँ आयोजित 'नेपालको कम्युनिष्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयक विचार गोष्ठी तथा 'मदन भण्डारी राष्ट्रिय पुरस्कार हस्तान्तरण समारोह' मा उहाँले कम्युनिष्ट आन्दोलन नयाँ अवसर र चुनौतीको सङ्घारमा उभिएको धारणा राख्नुभयो।

कुनै एउटा निर्वाचनको परिणामका आधारमा जनताको बहुदलीय जनवादको सान्दर्भिकता वा कम्युनिष्ट आन्दोलनको भविष्यबारे हतारमा निष्कर्ष निकाल्नु उचित नभएको उहाँको भनाइ छ। उहाँले जनसम्बन्धलाई सुदृढ गर्दै समीक्षा र आत्ममन्थन आवश्यक रहेको बताउनुभयो।

"रूपान्तरण हुँदै गरेको सामाजिक संरचना, प्रविधिको तीव्र विकास, युवापुस्तामा नयाँ आकाङ्क्षा तथा विश्वव्यापी परिवर्तनका सन्दर्भमा कम्युनिष्ट आन्दोलनले आफ्ना मूल आदर्श बनाउनुपर्छ", पूर्वराष्ट्रपति भण्डारीले भन्नुभयो, "समय अनुकूल नीति, कार्यशैली र सङ्गठनात्मक अभ्यासलाई निरन्तर परिष्कृत गर्नुपर्ने आवश्यक छ।" जनविश्वास पुनःआर्जन गर्ने आधार सिद्धान्तको यान्त्रिक पुनरावृत्ति मात्र नभई समयानुकूल उत्तरदायी र परिणाममुखी राजनीतिक अभ्यासको विकासमा नीहित हुनुपर्ने उहाँको कथन छ।

यसैगरी नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले देश र जनताको हितविपरीत गएर आफूहरूले गल्ती कमजोरी नगरेको बताउनुभयो। उहाँले जनतामा अनावश्यक भ्रम छरिएको टिप्पणी गर्नुभयो।

अध्यक्ष ओली भन्नुभयो, "हामीले गलत काम गरेर, देशकाविरुद्ध काम गरेर विकासका काम गर्न नसकेर, अयोग्य भएर जनतामा असन्तुष्टि, बढेको होइन।" आफ्नो पार्टीको नीति तथा कार्यक्रम र सही र समसामयिक भएको उल्लेख गर्दै उहाँले लोकतान्त्रिक र वामपन्थी शक्ति मिल्नुपर्ने आवश्यकता औँल्याउनुभयो। कार्यगत एकताका माध्यमबाट अगाडि बढ्नुपने धारणा राख्दै उहाँले राजनीतिक, सामाजिक, आर्थिक, सामाजिक क्षेत्रमा एमालेले सही नीति निर्धारण गरेका दाबी गर्नुभयो। अध्यक्ष ओलीले जनताको बहुदलीय जनवाद (जबज)लाई समयानुकूल बनाइँदै लैजाने धारणा राख्नुभयो।

अध्यक्ष ओलीले भन्नुभयो, "समृद्धिसम्म हाम्रो यात्रा हो। हाम्रो यात्रा समृद्ध नेपाल सुखी नेपालीसम्मको हो। हाम्रो गन्तव्य ठीक छन्।" रचनात्मक र शान्तिपूर्ण बाटोबाट अग्रगामी परिवर्तनतर्फ अगाडि बढ्ने र धुलो टकटक्याउँदै उठ्ने उहाँको भनाइ थियो। फाउण्डेशनले वर्ष २०८२ को 'मदन भण्डारी राष्ट्रिय पुरस्कार' लेखक रमेश रुछेन राईको कृति 'श्वेतशार्दूल' लाई प्रदान गरियो। पुरस्कारको राशि रु दुई लाख रहेको छ।

# आरोही फुञ्जो बनिन् पर्यटन सद्भावना दूत

**पोखरापत्र संवाददाता**
गोरखा, १४ असार



कीर्तिमानी आरोही फुञ्जो झाङ्मु लामालाई चुमनुब्री गाउँपालिकाले पालिकाको पर्यटन सद्भावना दूत घोषणा गरेको छ।

सर्वोच्च शिखर सगरमाथा सबैभन्दा छोटो समयमा आरोहण गरेर गिनिज बुक अफ वर्ल्ड रेकर्ड कायम गरेकी लामालाई हालै सम्पन्न गाउँ सभाले पर्यटन सद्भावना दूत घोषणा गरेको गाउँपालिकाका अध्यक्ष निमा लामाले जानकारी दिनुभयो। सो पालिकाले यो वर्षलाई मनास्लु हिमालको सफल आरोहणको ७०औँ वर्ष पूरा भएको अवसरमा हिरक वर्षका रूपमा मनाइरहेको छ।

सोही अवसरमा गाउँपालिकाको गाउँसभाले फुञ्जोको नाम पर्यटन सद्भावना दूतका रूपमा सर्वसम्मत अनुमोदन गरेको लामाले बताउनुभयो। "हाम्रो राष्ट्रको गहनाका रूपमा रहेकी फुञ्जोलाई पर्यटन सद्भावना दूत नियुक्त गरेका छौँ", उहाँले भन्नुभयो।

लामाका अनुसार विश्वभर ख्याति कमाएकी फुञ्जोले सद्भावना दूतका रूपमा मनास्लु क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग गर्नेछिन्। आफ्नो जन्मभूमिले दिएको यो सम्मानप्रति कृतज्ञता प्रकट गर्दै फुञ्जोले भन्नुभयो, "यो मेरा लागि ठूलो सम्मान हो र यस क्षेत्रलाई विश्वभर प्रवर्द्धन गर्न म कुनै कसर बाँकी राख्ने छैन।" विश्वको आठौँ अग्लो शिखर मनास्लुका अतिरिक्त चुमनुब्रीको आफ्नै अद्वितीय परम्परा छ।

अहिंसा क्षेत्र घोषणा भएको १०५ वर्ष पूरा गरेको चुमनुब्रीले अहिंसा क्षेत्रमा जैविक विविधताको पहिचान, निरन्तरता, प्रचारप्रसार र संरक्षणमा योगदान पुर्‍याउने उद्देश्यले 'श्याग्या परम्परा संरक्षण ऐन, २०८०' (२०२३) समेत जारी गरेको थियो।

स्वीस आल्प्स र नेपालको हिमालय क्षेत्रमा तालिमप्राप्त गरेकी फुञ्जोले १४ घण्टाभन्दा कम समयमा विश्वको सर्वोच्च शिखर आरोहण गर्दै सबैभन्दा छिटो आरोहण गर्ने महिलाका रूपमा विश्व कीर्तिमान कायम गरेकी थिइन्। सन् २०२४ मा उनले बेसक्याम्प (आधार शिविर)बाट १४ घण्टा ३१ मिनेटमा सगरमाथाको शिखर चुमेकी थिइन्।

चुमनुब्री-७ छोकाङपागाउँमा जन्मेकी फुञ्जोले सगरमाथा, ल्होत्से, मनास्लु, चो ओयुका साथै आमादबलाम, लोबुचे र डेनालीलगायतका अन्य हिमालहरूको सफल आरोहण गरिसकेकी छन्। उनले ग्रामीण तथा सीमान्तकृत समुदायहरूलाई जीविकोपार्जन, शिक्षा र दिगो विकासका क्षेत्रमा समेत सहयोग पुर्‍याउँदै आएकी छिन्।

# एन प्याब्सनमा आवद्ध अंग्रेजी शिक्षकहरूलाई अध्ययन-अभ्यास तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार



नेसनल प्याब्सन कास्कीको आयोजनामा आइतबार एक दिने तालिम सम्पन्न भएको छ।

संगम बुक्स पब्लिकेशन, साधना बुक्स पब्लिकेशन तथा मनकामना बुक्स एन्ड स्टेशनरीको व्यवस्थापनमा शैक्षिक सामग्रीको प्रभावकारी उपयोगलाई थप व्यवस्थित बनाउने उद्देश्यले अंग्रेजी विषयका शिक्षकहरूका लागि एकदिने अध्ययन-अभ्यास ढाँचाका विषयमा तालिम दिइएको हो। तालिममा एन प्याब्सनमा आवद्ध विद्यालयका अंग्रेजी शिक्षकहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा सहभागी शिक्षकहरूलाई अंग्रेजी शिक्षणका आधुनिक विधि, कक्षाकोठामा प्रभावकारी सिकाइ वातावरण निर्माण, अध्ययन-अभ्यासका नवीन उपाय तथा पाठ्यसामग्रीको सिर्जनात्मक प्रयोगका विषयमा प्रशिक्षण प्रदान गरिएको थियो।

तालिमका प्रमुख प्रशिक्षक प्रो.जिवलाल सापकोटा (पिएचडी) ले शिक्षणलाई विद्यार्थी-केन्द्रित, व्यवहारिक र उपलब्धिमूलक बनाउन अध्ययन-अभ्यासको निरन्तरता आवश्यक रहेको उल्लेख गर्दै शिक्षकको व्यावसायिक क्षमता विकासमा यस्ता कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने बताए। सहभागी शिक्षकहरूले तालिमबाट प्राप्त ज्ञान र सीपलाई आफ्ना विद्यालयमा व्यवहारमा उतार्दै विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे। संगम/साधना बुक्स पब्लिकेशनका सञ्चालक तथा मनकामना बुक्स एन्ड स्टेशनरीका प्रोपाइपटर ऋषिराम शर्मा भण्डारीले यस्ता अध्ययन-अभ्यासमूलक कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तर सञ्चालन गर्न संस्थासँग समन्वय गर्ने बताए। कार्यक्रममा अध्यक्षता गरेका एन प्याब्सन कास्कीका कोषाध्यक्ष राजु केसीले शिक्षकहरूको सक्रिय सहभागिताप्रति धन्यवाद ज्ञापन गर्दै गुणस्तरीय शिक्षा प्रवर्द्धन, प्रभावकारी शिक्षण र पुस्तक संस्कृतिको विकासका लागि आगामी दिनमा पनि यस्ता व्यावसायिक विकास कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको थियो।

# छैटौं हेमजा हिले महोत्सवको तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

देवीस्थान सेवा समाज हेमजाको आयोजनामा यहि असार १५ गते हुने छैटौं हेमजा हिले महोत्सवको तयारी पुरा भएको छ।

महोत्सव अन्तर्गत हिले दौड, रस्साकस्सी, घैटो फुटाउने, कृषि झाँकी प्रदर्शन, विद्यालय स्तरीय धान रोपाई प्रतियोगिता, उत्कृष्ट किसान सम्मान, जोडी दौड, आमा समूह बीच असारे भाका, हिलोमा भाले तथा माछा समाउने ,हिले भलिबल, फुटबल लगायतका प्रतियोगिता हुँदैछन्।

महोत्सवको तयारी स्वरुप खेत हिल्याउने कार्य सम्पन्न भएको भएको छ। हेमजालाई कृषि पर्यटनसँग जोड्न विष्णुपादुका धार्मिक क्षेत्रको प्रवर्द्धन गर्न, आन्तरिक र बाह्य पर्यटनको आगमन बढाउन, हेमजाका कृषकहरूको सम्मान र युवाहरूलाई कृषिमा प्रोत्साहनका गर्नका लागि हेमजा हिले महोत्सवलाई निरन्तरता दिएको समाजका अध्यक्ष कृष्णमान श्रेष्ठले जानकारी दिए।

कृषकको चाडको रुपमा सञ्चालन हुने यस महोत्सवले कृषि क्षेत्रका लागि महत्वपूर्ण हुने अपेक्षा गरिएको सामाजकी उपाध्यक्ष एवं महोत्सव मूल आयोजक समितिका संयोजक चन्द्रकला पोखेलले बताइन।

'कृषिमा कृषकलाई प्रोत्साहनस् विष्णुपादुका मन्दिर हेमजाको सान' भन्ने नाराका साथ स्थानीय देवीस्थान टोलमा महोत्सव हुँदैछ जसमा विभिन्न स्थानीय कलाकारले प्रस्तुति समेत राख्नेछन्। प्रतियोगितामा प्रथम तथा द्वितीय हुने व्यक्ति वा समूहलाई नगद पुरस्कार सहित मेडल र प्रमाणपत्र पुरस्कार प्रदान गरिने छ।

पोखरा महानगरपालिका वडा नं २५ हेम्जाकी का.वा. वडा अध्यक्ष तथा कार्यपालिका सदस्य धन कुमारी पोखेल तिम्सिनाज्युको प्रमुख अतिथियतामा कार्यक्रमको उद्घाटन हुने आयोजकले जानकारी दिएको छ। असार १५ गते बिहान ठिक ९:३० बजे विष्णुपादुका माई स्थान मन्दिर बाट सुरु हुने झाकी देविस्थान मार्ग हुँदै मिलचोक परिकमा गरी महोत्सव स्थल पुग्ने छ।

# कम्युनिष्ट शक्तिबीच सहकार्य जरुरी छः संयोजक दाहाल

**रासस**
काठमाडौं, १४ असार

नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय स्वाधीनताको रक्षा र जनअधिकारको सम्वर्द्धनका लागि वामपन्थी शक्तिहरुबीच सहकार्य जरुरी भएको बताउनुभएको छ।

जननेता मदन भण्डारीको ७५औँ जन्मजयन्तीका अवसरमा 'नेपालको कम्युनिष्ट आन्दोलन र जननेता मदन भण्डारी' विषयमा आज यहाँ आयोजित विचार गोष्ठी तथा 'मदन भण्डारी राष्ट्रिय पुरस्कार हस्तान्तरण समारोह' मा उहाँले परिवर्तित सन्दर्भमा कम्युनिष्ट शक्तिबीच सहकार्य आवश्यक भएको बताउनुभयो। संवैधानिक अधिकार रक्षाका निम्ति सबै राजनीतिक वामशक्तिबीच साझेदारी अपरिहार्य भएको उहाँको भनाइ थियो। 'चाँडो भन्दा चाँडो समान विचार भएका दल एकताबद्ध हुन जरुरी छ,' उहाँले भन्नुभयो। विगतका कमीकमजोरीको समीक्षा गर्न आफू तयार रहेको उल्लेख गर्दै संयोजक दाहालले राष्ट्रका सामु उत्पन्न चुनौतीको सबै नेता तथा कार्यकर्ताले मिलेर सामना गर्नुपर्ने बताउनुभयो। लोकतान्त्रिक शक्तिसँग सहकार्य गर्न आफू तत्पर रहेको संयोजक दाहालले बताउनुभयो। यस्तो सहकार्य शीघ्र हुनुपर्नेमा उहाँको जोड थियो। नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले कम्युनिष्ट एकतालाई बलियो बनाउनुपर्नेमा जोड दिँदै युवापुस्ताको काँधमा ठूलो जिम्मेवारी आएको बताउनुभयो। उहाँले देश र जनताको हितलाई केन्द्रमा राखेर कम्युनिष्ट शक्ति अगाडि बढ्नुपर्छ भन्नुभयो।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# रक्तसञ्चार केन्द्रलाई १५ लाखको उपकरण सहयोग

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ असार

बागलुङ सेवा समाज अमेरिकाले रक्तसञ्चार केन्द्रलाई रु १५ लाखको जेनेरेटर र रक्तदान गर्ने कुर्सी सहयोग गरेको छ । नेपाल रेडक्रस सोसाइटीले सञ्चालन धौलागिरि प्रादेशिक अस्पताल क्षेत्रमा सञ्चालन गरेको रक्तसञ्चार केन्द्रबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन जेटेरेटर र कुर्सी सहयोग गरेको हो ।

बागलुङमा विद्युत् आवतजावत गर्ने हुँदा रक्तसञ्चारमा रगत बिग्रिने र गुणस्तर खस्किने जोखिम हुँदै आएको थियो । जेनेरेटर सञ्चालन गरेपछि अब उक्त समस्या समाधान हुने नेपाल रेडक्रस सोसाइटी बागलुङका सभापति जगन्नाथ आचार्यले बताउनुभयो । घण्टौँसम्म लाइन नआउँदा फ्रिजमा राखिएको रगत आवश्यक तापक्रमभन्दा बढी तातिने हुँदा बिरामीलाई दिन नमिल्ने हुने उहाँको भनाइ छ ।

लाइन जाँदा रातिमा मोबाइलको लाइट बालेर रक्तदान गर्ने र बिरामीलाई सेतो रगत उपलब्ध गराउनुपर्ने बाध्यता अब हट्ने साभापति आचार्य बताउनुहुन्छ । अहिलेसम्म सामान्य व्याट्रीबाट रक्तसञ्चारमा काम हुँदै आएकामा अब व्यवस्थित रूपमा सेतो रगत उत्पादन गर्न र रगतलाई व्यवस्थित रूपमा भण्डारण गर्न सकिने उहाँको भनाइ छ ।

सभापति आचार्यले भन्नुभयो, "रक्तसञ्चार केन्द्रमा विद्युत् आपूर्तिमा नहुँदा धेरै समस्या थियो, केही समय अगाडि सेतो रगत उत्पादन गर्न सुरु गरेका थियौँ, तर विद्युत्का कारण समस्या थियो, सहयोगका लागि अमेरिकामा रहनुभएका बागलुङवासीलाई आग्रह गरेका थियौँ, उहाँहरूले सहज रूपमा सहयोग गरिदिनुभयो, अब यहाँबाट प्रवाह हुने सेवा थप प्रभावकारी बन्नेछ ।" बागलुङ सेवा समाज अमेरिकाका महासचिव देवलाल शर्माले विदेशमा रहे पनि आफ्नो देश र जन्मभूमिप्रतिको माया अथाह हुने भन्दै यहाँका समस्या समाधानका लागि आफूहरू लाग्दै आएको बताउनुभयो । सेवा समाजले अहिले जेनेरेटरसहितका सामग्री सहयोग गरेर सुरुआत गरेको उहाँको भनाइ छ । आगामी दिनहरूमा स्वास्थ्य, शिक्षालगायत क्षेत्रमा काम गर्दै जाने प्रतिबद्धता जनाउनुभयो । धौलागिरि प्रादेशिक अस्पतालअघि रहेको रक्त सञ्चार केन्द्र रक्त सञ्चार केन्द्रमा सेतो रगत (प्लेटलेट्स/प्लाज्मा) नपाइँदा अस्पतालले जटिल प्रकारका समस्या देखिएर सेतो रगत चाहिने बिरामीलाई पोखरा पठाउनुपर्ने बाध्यता थियो । तर चार महिनादेखि यही उत्पादन गर्न थालिएको छ । रातो र सेतो रगत छुट्याउने उपकरण (कम्पानेन्ट सेन्ट्रिफ्युज) का लागि प्रयोगशालाको पूर्वाधार निर्माण गर्न बागलुङ समाज जापानले १३ लाख ५० हजार सहयोग गरेपछि सेतो रगत उत्पादन गर्न सुरु भएको थियो ।

# मर्स्याङ्दीका स्थानीयलाई निःशुल्क बिजुली

**पोखरापत्र संवाददाता**
लमजुङ, १४ असार

सङ्घीय सरकारले आगामी आर्थिक वर्षदेखि १०० युनिटमाथि पाँच प्रतिशत विद्युत्मा कर लगाउने तयारी गरेका बेला यहाँ मनाङ जिल्लासँग सिमाना जोडिएको लमजुङको मर्स्याङ्दी गाउँपालिकाले भने स्थानीयलाई मासिक निःशुल्क बिजुली उपलब्ध गराउने भएको छ ।

मर्स्याङ्दी गाउँपालिकाले पालिकाका स्थानीयलाई आगामी आवदेखि प्रत्येक घरलाई मासिक ५० युनिटसम्म विद्युत् निःशुल्क दिने भएको हो । मर्स्याङ्दीले आगामी आवको नीति तथा कार्यक्रममा प्रत्येक घरलाई ५० युनिट विद्युत् निःशुल्क प्रस्ताव गरेर २१औँ गाउँसभाले पारित गर्दै लागू गर्न लागेको गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले बताउनुभयो । उहाँका अनुसार गाउँपालिकाले आगामी आवको नीति तथा कार्यक्रममा 'जलविद्युतको आम्दानी, उज्यालो मर्स्याङ्दीमा लगानी' कार्यक्रमअन्तर्गत उपभोक्ताले मासिक ५० युनिटसम्मको विद्युत् महसुल निःशुल्क पाउने व्यवस्था गरेको हो । यसका लागि गाउँसभा बाट रु ५५ लाख बजेट विनियोजन गरिएको अध्यक्ष गुरुङले बताउनुभयो । गाउँपालिकाका अनुसार पालिकाका नौवटै वडामा गरी चार हजार ४०९ घरपरिवार रहेका छन् । गाउँपालिकाले आगामी आवमा विद्युत् रोयल्टीबाट करिब रु चार करोड आम्दानी हुने अनुमान गरेको छ । पालिकाभित्रका हाइड्रोपावरबाट आएको रोयल्टीमध्येबाट उक्त युनिटसम्मको बिजुली गाउँपालिकाले बिजुली महसुल तिर्ने व्यवस्था गरेको प्रमुख प्रशासकीय अधिकृत विज्ञान पौडेलले जानकारी दिनुभयो ।

यस गाउँपालिकाभित्र ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए', ३० मेगावाटको न्यादी जलविद्युत् आयोजनासहित आठवटा विभिन्न आयोजनाबाट करिब १०० मेगावाट विद्युत् उत्पादन भइरहेको छ । बैँसीसहर नगरपालिकासँग जोडिनेगरी ५० मेगावाटको मर्स्याङ्दीबेँसी जलविद्युत्लगायतका आयोजना निर्माणाधीन अवस्थामा छन् । उत्पादन बढेसँगै गाउँपालिकाको रोयल्टी आम्दानी पनि बढ्ने गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाका अध्यक्ष गुरुङका स्वकीयसचिव तथा स्थानीय प्रदीप गुरुङले गाउँपालिकाले लागू गर्न लागेको स्थानीयलाई निःशुल्क ५० युनिटसम्मको बिजुली गाउँपालिकाका ९० प्रतिशत नागरिकले सो युनिटभन्दा पनि कम बिजुली बाल्ने गरेको बताउनुभयो । पालिकामा अधिकांश ग्रामीण क्षेत्र रहेकाले उद्योगधन्दा न्यून छ, बिजुलीको प्रयोग पनि कम हुँदा उक्त प्रतिशतका स्थानीयले सम्भवतः एक रुपैयाँ पनि महसुल खर्च गर्नु नपर्ने देखिएको उहाँको भनाइ छ । हालसालै सम्पन्न मर्स्याङ्दी गाउँपालिकाको २१औँ गाउँसभा बैठकले आव २०८३/८४ का लागि रु ६८ करोड ७३ लाख १८ हजार ५०० को बजेट सार्वजनिक गरेको छ । यस गाउँपालिकामा १८ हजार ७५९ जनसङ्ख्या रहेको गाउँपालिकाले जनाएको छ । ५० युनिटसम्म बिजुली निःशुल्क हुने भएपछि स्थानीय हर्षित भएका छन् ।

# घरपझोङद्वारा किसानलाई अनुदानमा याक र नाक वितरण

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १४ असार



यहाँको घरपझोङ गाउँपालिकाले पशुपालक किसानलाई ५० प्रतिशत अनुदानमा याक र नाक वितरण गरेको छ ।

'हिमाली याकनाक प्रवर्द्धन' कार्यक्रमअन्तर्गत गाउँपालिकाले पशुपालक किसानलाई अनुदानमा याकनाक वितरण गरेको हो ।

लाभग्राही पशुपालक व्यवसायी र गाउँपालिकाअन्तर्गत सङ्घीय ससर्त अनुदानमा ५०/५० प्रतिशत लागत साझेदारी रहनेगरी याक र नाक पालन गर्ने किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले अनुदानमा वितरण गरिएको गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले जानकारी दिनुभयो । उहाँका अनुसार पालिकाको रु सात लाख ५० हजार र पशुपालक किसानको रु सात लाख ५० लागतमा याक खरिद गरी वितरण गरिएको छ ।

शनिबार जोमसोमका किसान पेम्बा गुरुङले अनुदान सहुलियतमा याक र नाक खरिद गरी ल्याउनुभएको छ । गाउँपालिकाले अनुदानमा वितरण गरेको याक र नाक तथा बाछाबाछी मनाङबाट खरिद गरिएको अध्यक्ष लालचनले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँपालिकाद्वारा उपलब्ध बजेट दायराभन्दा थप रु आठ लाख मूल्य बराबरका याक र नाक किसान पेम्बा गुरुङले खरिद गरी मुस्ताङ ल्याएउनुभएको हो ।

किसानले ५६ वटाभन्दा बढी याक र नाकसहित बाछाबाछी यहाँ पुऱ्याएका हुन् । गाउँपालिकाका अध्यक्ष लालचनले थोरै सङ्ख्यामा रहेका याक र नाक धेरै जनालाई अनुदानमा वितरण गर्दा लक्ष्यअनुसार याक प्रवर्द्धन गर्न अप्ठ्यारो पर्ने भएकाले छनोट समितिको मापदण्डभित्र रहेर एक जना किसानलाई अनुदानका याकनाक वितरण गरिएको उल्लेख गर्नुभयो । गाउँपालिकाका पशु शाखा अधिकृत आइत थकालीका अनुसार गाउँपालिकाद्वारा अनुदानमा वितरण गरिएका याक र नाक पाँच वर्षसम्म बिक्री गर्न नपाइने सम्झौता गरिएको बताउनुभयो । यो व्यवसाय मात्र नभई हिमाली क्षेत्रको मौलिक संस्कृति भएकाले जैविक विविधता र पारिस्थितिक प्रणालीमा योगदान पुऱ्याउने उद्देश्यले गाउँपालिकाद्वारा याक र नाक वितरण गरिएको उहाँको भनाइ छ । यसअघि घरपझोङ गाउँपालिकाले उक्त कार्यक्रमअन्तर्गत किसानलाई अनुदानमा याक र नाक वितरण गर्न ३५ दिने सूचना प्रकाशित गरेको थियो । गाउँपालिकाले प्रकाशित गरेको सूचनाअनुसार केही किसानले अनुदानका लागि निवेदन पेस गरेका थिए ।

पशु शाखा अधिकृत थकालीका अनुसार जिल्लाको दररेटअनुसार मूल्य निर्धारण गरी रु १५ लाख मूल्यमा याक र नाक खरिद गरी ५० प्रतिशत अनुदान सहुलियतमा प्रदान गरिएको जानकारी दिनुभयो । जिल्लाको डिस्याङ गाउँपालिकास्थित याकखर्कबाट ३८ चौँरी, तीन भाले याक र १५ वटा बाछाबाछी खरिद गरी जोमसोम ल्याइएको किसान गुरुङले जानकारी दिनुभयो । गाउँपालिकाको अनुदानमा ३८ र १८ वटा व्यक्तिगत लगानीमा खरिद गरिएको उहाँले बताउनुभयो ।

गाउँपालिकाले आफूलाई विश्वास गरेर याक र नाक पालन गर्न अनुदान सहुलियत प्रदान गरेकामा खुसी व्यक्त गर्दै गुरुङले व्यावसायिक रूपमा याक र नाक पालन गरी प्रवर्द्धनमा योगदान पुऱ्याउने प्रतिबद्धता जनाउनुभयो ।

शनिबार यहाँ आयोजित एक कार्यक्रममा गाउँपालिकाका अध्यक्ष लालचन, कार्यपालिका सदस्य भिषण थकाली र पशु शाखा अधिकृत थकालीले संयुक्त रूपमा ती याक र नाक लाभग्राही किसानलाई हस्तान्तरण गर्नुभयो । ती याक र नाकको बिमा पनि गरिएको गाउँपालिका कार्यालयले जनाएको छ । बिमा कम्पनीका प्रतिनिधि गणेश जिसीसहितको टोलीले किसान गुरुङका याक र नाक बिमामा दर्ता गराएका हुन् । उहाँले पशुधनको मूल्य बराबर पाँच प्रतिशत किसानले बिमा शुल्क तिर्नुपर्ने र बाँकी स्थानीय सरकारले शुल्क व्यहोर्ने गरी बिमा गराइएको जानकारी दिनुभयो । पछिल्लो समय हिमाली क्षेत्रको पुख्र्यौली पेसा याक र नाक पालन व्यवसाय सङ्कटमा पर्दै गएपछि पालिकाले सङ्घीय सरकारको ससर्त अनुदानमा याक र नाक प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न थालिएको हो । चालु आर्थिक वर्षमा यहाँको थासाङ गाउँपालिकाले पनि पशुपालक किसानलाई अनुदान सहुलियतमा याक र नाक वितरण गरेको थियो । जलवायु परिवर्तनका कारण मुस्ताङका उच्चलेक खर्क र पाटनमा गोठ स्थापना गरी पालन गरिएका याक र नाक चरन क्षेत्रको अभाव र जङ्गली वन्यजन्तुको जोखिमका कारण सङ्कटमा पर्न थालेका छन् । याक र नाक पालन व्यवसायको संरक्षण गर्न सरकारद्वारा बिमा सुरक्षा नीति ल्याइएको गाउँपालिका अध्यक्ष लालचनले उल्लेख गर्नुभयो । बिमामा आवद्ध याक र नाक पालक किसानको पशुधन क्षति भएमा बिमा कम्पनीबाट ९० प्रतिशत क्षतिपूर्ति उपलब्ध गराइने बिमा प्रतिनिधि गणेश जिसीले जानकारी दिनुभयो ।

# नेपालगञ्ज-दिल्ली उडानका लागि प्रयास गर्न आग्रह

**रासस**
काठमाडौं, १४ असार

यहाँका पर्यटन व्यवसायीले नेपालगन्ज-दिल्ली सिधा उडानका लागि प्रयास गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलसमक्ष अनुरोध गरेका छन् ।

नेपालगन्ज विमानस्थलको अनुगमनमा आउनुभएका मन्त्री पौडेलसँग पर्यटन व्यवसायीले अधिकभन्दा अधिक पर्यटक नेपाल भित्र्याउन नेपालगञ्ज र नयाँदिल्ली हवाई मार्गबाट जोडिन अपररिहार्य भएको बताएका हुन् । नेपालगञ्ज-पोखरा उडान बन्द हुँदा पर्यटन क्षेत्र प्रभावित भएको गुनासो गर्दै उनीहरूले विदेशी पर्यटकमाथि लागू गरिएको हवाई भाडादरको विभेद अन्त्य गर्न आग्रह गरेका थिए । मुलुकको पर्यटन प्रवर्द्धन गर्न वर्तमान सरकार क्रियाशील रहेको मन्त्री पौडेलले बताउनुभयो । उहाँले नीतिगत सुधारका माध्यमबाट विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत पर्यटन उद्योगको विकाका लागि हरसम्भव प्रयत्न गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । फरक प्रसङ्गमा उहाँले नेपाल पर्यटन बोर्डलाई समयानुकूल पुनर्संरचना गर्न आवश्यक भएको बताउनुभयो ।

नाट्टा बाँके च्याप्टरका संस्थापक अध्यक्ष श्रीराम सिग्देल, च्याप्टरका अध्यक्ष डिल्लीराज रेग्मी तथा पर्यटन व्यवसायी देवानन्द अर्याललगायत पर्यटन उद्यमीले पश्चिम नेपालका पर्यटनका सम्भावना र समस्याबारे मन्त्री पौडेललाई जानकारी गराउनुभएको थियो ।


## फोहोरमैला प्रशोधन केन्द्र स्थापना आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८३/03/१५)**

गण्डकी प्रदेश, कास्की जिल्लाको पोखरा महानगरपालिका, वडा नं. ३२ मा Terasolve Renewable Nepal Pvt. Ltd द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | Terasolve Renewable Nepal Pvt. Ltd, काठमाडौं महानगरपालिका वडा नं १, बागमती प्रदेश |
| प्रस्तावको व्यहोरा | पोखरा महानगरपालिकाको संरक्षण तथा उपयोग रहने गरि फोहोरमैला प्रशोधन (फोहोरबाट ग्यास तथा प्राङ्गारिक मल उत्पादन गर्ने) केन्द्र स्थापना |
| प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका | कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ३२ |
| जग्गाको कित्ता नं. | कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ३२ कित्ता नं: ०९४१२८७/१३६७ को जग्गा मध्ये ८० रोपनीमा |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्बन्धी क्षेत्र निर्धारण गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | Terasolve Renewable Nepal Pvt. Ltd., काठमाडौं म.न.पा-१, काठमाडौं, बागमती प्रदेश |
| परामर्शदाताको नाम तथा ठेगाना | ग्रिनविच इन्भाइरोमेन्ट एण्ड इन्जिनियरिङ्ग कन्सल्ट प्रा. लि., बानेश्वर, काठमाडौं फोन नं.: ९८४१५३१५८२, इमेल: geec.nepal@gmail.com |



## एउटै व्यक्तिभएको सूचना



स्याङ्जा जिल्ला, बिरुवा गाउँपालिका वडा नं. ०४ निवासी भारतीय भू.पू. सैनिक नं. जे.सी. ६०२५५६ A सुवेदार मेजर हनेरी लेप्टीनेन्ट नारायण बहादुर थापाको श्रीमती सिता पोखेल भन्ने सिता थापाको ना.प्र.नं. १७३०९ को नेपाली नागरिकता प्रमाण पत्रमा नामथर सिता पोखेल भन्ने सिता थापा, जन्ममिति वि.सं. २०२८।०२।२८ ई.सं. १९७१/०६/११ भएको साथै निजको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नामथर सिता थापा, जन्ममिति वि.सं. २०२६।०१।२० ई.सं. १९६९।०५।०२ उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ०४ नं वडा कार्यालयको च.नं. १३७४, मिति २०८३।०३।११ को पत्रबाट लेखी आएको जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**



## एउटै व्यक्तिभएको सूचना



स्याङ्जा जिल्ला, बिरुवा गाउँपालिका वडा नं. ०४ निवासी भारतीय भू.पू. सैनिक नं. ५७५०१०७ M नायक दिल बहादुर थापाको श्रीमती ना.प्र.नं. ४२८३ की विष्णु माया पोखेलको नेपाली नागरिकता प्रमाण पत्रमा नामथर विष्णु माया पोखेल, जन्ममिति वि.सं. २०२३।०८।२७ सन् १९६६।१२।१२ भएको साथै निजको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर विष्णु माया थापा, जन्ममिति सन् १९६३ उल्लेख भई फरक फरक अभिलेखमा फरक फरक नामथर जन्ममिति भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त गाउँपालिका ०४ नं वडा कार्यालयको च.नं. १३८०, मिति २०८३।०३।११ को पत्रबाट लेखी आएको जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**



## एउटै व्यक्तिभएको सूचना





कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं २० निवासी भारतीय भू.पू. सैनिक नं 5343318 3/4GR का रुद्र बहादर घर्ती भन्ने रुद्र बहादुर रानाको श्रीमती लक्षीमा घर्तीको नेपाली नागरिकता प्रमाणपत्र नं ४६-०१-७४-००२६३ (जारी मिति २०७४/०१/१२- कास्की) मा नामथर लक्षीमा घर्ती, जन्ममिति २०१७/१०/०४ इ.सं. १९६१/०१/१७ र निजको श्रीमानको सैनिक अभिलेखमा नामथर लक्षीमी देवी राना, जन्ममिति इ.सं १९६४/०१/२१ वि.सं २०२०/१०/०७ उल्लेख भई फरक परेता पनि उल्लेखित फरक फरक नामथर र जन्ममिति गरेको व्यक्ति फरक नभई एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि पोखरा महानगरपालिका २० नं वडा कार्यालय, कास्कीको च.नं. २२१६ मिति २०८३/०३/११ गतेको सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**